# सुन्दरबजार नगरपालिका
# SUNDARBAZAR MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
सुन्दरबजार, लमजुङ
Sundarbazar, Lamjung

पत्रसंख्या (Reference No.): ०८०/८१
चलानी नं.(Dispatch No.) : २४०

गण्डकी प्रदेश (Gandaki Province)
मिति (Date): २०८०/०४/३१

श्री शहरी विकास तथा भवन निर्माण विभाग,
संघीय आयोजना कार्यान्वयन ईकाई,
कास्की

**बिषय – जानकारी सम्बन्धमा ।**

प्रस्तुत बिषयमा तहाँ कार्यालयबाट च.न.२६ मिति २०८०/०४/०२ गतेको पत्रानुसार आ.व.२०८०/८१ मा त्यस कार्यालयबाट यस नगरपालिका क्षेत्रभित्र कार्यान्वयन हुने योजनाहरु बारे अवगत भयो । उल्लेखित कार्यक्रमहरुमा कुनै दोहोरोपना नपरेको देखिन्छ साथै योजना कार्यान्वयनमा पालिकाको सहयोग तथा समन्वयको लागि समेत नगरपालिका तयार रहेको जानकारीका साथ अनुरोध छ ।

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

बोद्धार्थ -
श्री जिल्ला प्रशासन कार्यालय बेशीशहर, लमजुङ्
श्री जिल्ला समन्वय समितिको कार्यालय बेशीशहर, लमजुङ्
श्री सूचना प्रबिधि अधिकृत सुन्दरबजार न.पा. पत्र सम्बन्धित निकाय र dudbckaski2076@gmail.com df प्रेषण गरीदिनुहुन ।

**योजना, अनुगमन तथा तथ्यांक व्यवस्थापन र भौतिक पूर्वाधार विकास तर्फ**

भौतिक पूर्वाधार तर्फ २१२ वटा योजना सम्झौता भएकोमा रहेकोमा हालसम्म २१२ वटा योजनाको योजनाको कार्यसम्पन्न भई भुक्तानी भएको अवस्था छ । ठेक्का आह्वान भई संम्पन्न भएका योजनाहरु- वडा न.११ वडा कार्यालय भवन ,पेट्रोल पम्प बलिथुम मोटरबाटो स्तरोन्नति,परेवाडाँडाँ तिलक स्मृति गेट सम्म पिच तथा ढलान,१५ शैया आधारभूत अस्पताल निर्माणाधिन,मातृभूमी क्याम्पस रमाईलो मरस्याङ्दी सडक पिच तथा ढलान ,नगरपालिकाको कम्पाउण्ड वाल र ल्यान्डफिल साईट जाने बाट पिच सम्पन्न भयो । यस आ.व. मा सुरक्षित नागरिक आबास कार्यक्रम अन्तर्गत खर तथा फुसको छाना विस्थापन कार्यक्रममा ४१ जना लाभग्राहीले दोस्रो अथवा अन्तिम किस्ता प्राप्त गरेका छन् । विपद व्यवस्थापन अन्तर्गत ४५ वटा निजी आबास तथा भौतिक सरचनामा पुगेको क्षतिलाई सम्बोधन गरी राहतको रुपमा रकम विनियोजन गरी राहत वितरण भएको छ । उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना सचालनका लागि अभिमुखीकरण तथा वडास्तरमा योजना सम्झौता कार्यक्रम सम्पन्न भएको छ ।

**शिक्षा र स्वास्थ्य तर्फः**

शिक्षा क्षेत्रमा विनियोजित बजेटको सीमितता, अनिवार्य दायित्व सिर्जना हुने चालु खर्चका शीर्षकहरु वित्तीय विनियोजन कुशलताको कमी, बजेट तथा कार्यक्रम कार्यान्वयनमा यथोचित समन्वय र सक्रियताको कमीका कारण पनि शिक्षा क्षेत्रमा लगानीको तुलनामा प्रतिफल हासिल गर्न कठिनाईका बावजुद यस आर्थिक वर्षमा केही महत्वपूर्ण कार्यहरु सम्पन्न भएका छन् । जस अन्तर्गत शिक्षक दरबन्दी मिलान सम्बन्धी निर्देशिका पारित भई कार्यान्वयन प्रक्रियामा गएको छ । विद्यालय स्तरमा स्थानीय पाठ्यक्रम निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । विद्यार्थी मूल्याङ्कन अभिलेखीकरण पुस्तिका तयार भई सम्पूर्ण विद्यालयहरुमा पु¥याइसकिएको छ । प्राथमिक शिक्षकलाई विद्यार्थी मूल्याङ्कन सम्बन्धी तालिम प्रदान गरिएको छ । नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा शाखा प्रमुख समेतको सहभागितामा केही माध्यमिक विद्यालयहरुमा समूह सुपरिवेक्षण तथा सघन निरीक्षण भएको र सो क्रममा विद्यालयहरुको भौतिक, सामान्य प्रशासनिक, आर्थिक, व्यवस्थापकीय पक्षहरुको निरीक्षण गर्ने तथा वि.व्य.स पदाधिकारीहरु, शिक्षक, विद्यार्थी तथा सरोकारवालाहरुसँग अन्तरक्रिया गरी आवश्यक सुझाव तथा पृष्ठपोषण दिइएको र यस कार्यलाई निरन्तरता दिइने छ ।

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

१२. **आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अधावधिक विवरण** – उपर उल्लेखित बुँदा न. ९ मा उल्लेख भएबमोजिम

१३. **तोकिएबमोजिमका अन्य विवरण**- भएसम्मका सम्पूर्ण सूचनाहरु वेभसाईटमा राख्ने गरिएको सो आधारमा आवश्यक विवरण प्राप्त गर्न सकिने ।

**शिशिर पौडेल**

**प्रमुख प्रशासकीय अधिकृत**

शिशिर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**बोदार्थ-**

**श्री राष्ट्रिय सूचना आयोग बानेश्वर १० देवीनगर काठमाडौँ**

**श्री सूचना तथा संचार प्रविधि अधिकृत – वेभसाईटमा सार्वजनिक गरी सोको जानकारी उपर उल्लेखित निकायमा पठाउने ।**